झिमरुक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

भ्यागुते, प्युठान, लुम्बिनी प्रदेश, नेपाल

झिमरुक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भ्यागुते, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

## Bidding document

**for**

**Extraction and Selling of River Bed Material at Jhimruk Rural Municipality Area**

ठेक्का नं- Contract No:-JRM/SQ/REV/4/2083/084

कार्यक्रमको विवरण - आन्तरिक आय संकलन

खोलाको नाम - झिमरुक र गर्तङ्ग

स्थान - झिमरुक गाउँपालिका

जारी मिती - २०८३/०६/०२

अमरराज सेजुवाल

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-२ क

(दफा ४ को उपदफा (५) सँग सम्बन्धित)

## नदीजन्य पदार्थको विक्रीका लागि सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०६/०२**

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२ (क) ले दिएको अधिकार र यस झिमरुक गाउँपालिकाको आर्थिक ऐन, २०८३ को व्यवस्था बमोजिम तपसिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी झिमरुक गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही खुल्ला सिलबन्दी दरभाउपत्र (Hardcopy) प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ ।

तपसिल

| सि.नं. | सूचना नं. / सिलबन्दी दरभाउपत्र नं. | सिलबन्दी दरभाउपत्रको नाम | उत्खनन् परिणाम (घन मिटर) | न्यूनतम दरभाउपत्र रकम (सेवाशुल्क र मू.अ.कर बाहेक) | बिड डकुमेन्ट दस्तुर (रु.) | धरौटी रकम (रु.) |
|---|---|---|---|---|---|---|
| १. | JRM/SQ/REV/04/2083/084 | (झिमरुक खोला चिसाबाङ्ग रातटारि क्षेत्र (१), झिमरुक खोला चिसाबाङ्ग रातटारि क्षेत्र (२), झिमरुक खोला गुडगुडे रह क्षेत्र ,(१) झिमरुक खोला गुडगुडे रह क्षेत्र (२) ढुंगा गिट्टी र बालुवा सङ्कलन तथा उत्खनन कार्य) | 3,180.10 | 8,58,295.76 | 1,000 | 30,000.00 |

**शर्तहरु :**

फर्मको हकमा नबीरकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी साथ निवेदन पेश गरि मिति २०८३/०६/०९ गते दिनको १२:०० बजेभित्र (Hardcopy/ by hand) र हुलाक माध्यमबाट सिलबन्दी दरभाउपत्र पेश गर्न चाहने दरभाउपत्रदाताले यस कार्यालयको website https://jhimrukmun.gov.np/ साथै झिमरुक गाउँपलिकाको कार्यालय भिजिट गरि ठेक्का सम्बन्धि कागजातहरू खरिद गरि सोहि बमोजीम दरभाउपत्र भरि कार्यालयमा बुझाउने व्यवस्था गरिएको छ।

अमरराज सेजुवाल

प्रमुख प्रशासकीय अधिकृत

दरभाउपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । धरौटी रकम यस कार्यालयको सिटिजन्स बैंक लिमिटेड शाखा कार्यालय मच्छिमा रहेको JHIMRUK GA.PA. GA-3.1 ISTHANIYA TAHA DHARAUTI KHATA ०७५०१०००००१३६२०१ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा ईजाजत प्राप्त क बर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र प्याकेज नाम उल्लेख गरी ७५ दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेश गर्नुपर्नेछ ।

एक फर्म वा संस्थाको नाममा खरिद गरिएका सिलबन्दी दरभाउपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिन १३:०० बजे देखि निर्माण व्यवसायी वा निजको प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । साथै दरभाउपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन विदा परेमो सो कार्य विदाको लगत्तै कार्यालय खुलेको दिनमा गरिनेछ ।

सिलबन्दी दरभाउपत्र सम्बन्धी विस्तृत जानकारी सिलबन्दी दरभाउपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । दरभाउपत्र स्वीकृत गर्ने वा कारण सहित नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

दरभाउपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा सूचना टाँस भएको मितिले १५ दिनभित्र संझौता अंकको सार्बजनिक खरिद ऐन बमोजिमको कार्यसंपादन जमानत नगद वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कार्यसंपादन जमानत लिई कबोल अंकको प्रथम किस्ता बापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोश्रो किस्ता बापत ५० प्रतिशतले हुने नगद रकममा मु.अ.क. समेत मिति २०८३/१२/३० गते भित्र बुझाउन पर्ने छ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर दरभाउपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ । तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलत्रप बन्दोबस्त गरिनेछ । गाउँपालिकाको नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएको कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा कार्यबिधि मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको बातावरणीय अध्ययन प्रतिवेदन तथा दरभाउपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

२०८२/०३/०१

**अमरराज सेजुवाल**
प्रमुख प्रशासकीय अधिकृत

झिमरुक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भ्यागुते, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

# Bill of Quantities

## General Bid Info

F.Y.:-083/084

| S.N. | Description of works | Unit | Quantity | Bidder's Rate In Word (NPR) | Bidder's Rate ( IN Words) | Total Amount (NPR) |
|---|---|---|---|---|---|---|
| **Procurement Item Details** | | | | | | |
| 1.0 | Extraction and Selling of River Bed Material at Jhimruk Rural Municipality Area (झिमरुक खोला चिसाबाङ्ग रातटारि क्षेत्र (१), झिमरुक खोला चिसाबाङ्ग रातटारि क्षेत्र (२), झिमरुक खोला गुडगुडे रह क्षेत्र (१), झिमरुक खोला गुडगुडे रह क्षेत्र (२) ढुंगा गिट्टी र बालुवा सङ्कलन तथा उत्खनन कार्य) | cum | 3,180.10 | | | |
| **A = Total Items Price** | | | | | | |
| **B = VAT @ 13% of (A)** | | | | | | |
| **C= Grand Total (A+B)** | | | | | | |

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत